# हलेसी तुवाचुङ नगरपालिका

दुर्छिम, खोटाङ
कोशी प्रदेश
नेपाल

स्थानीय राजपत्र

खण्डः ८	संख्याः	मितिः २०८१/०८/०२

भाग-२

# बदाम उत्पादनमा आधारित प्रोत्साहन वितरण कार्यविधि,२०८१

## हलेसी तुवाचुङ नगरपालिकाको बदाम उत्पादनमा आधारित प्रोत्साहन वितरण कार्यविधि,२०८१

**प्रस्तावनाः**

हलेसी तुवाचुङ नगरपालिका, कृषि तथा पशुपालन क्षेत्रमा प्रशस्त सम्भावना बोकेको नगरपालिका हो। यहाँका अधिकांश मानिसहरूले मुख्य पेशाको रुपमा कृषि तथा पशुपालन पेशालाई अवलम्बन गरेका र सोही अनुरुप यस नगरपालिकामा बदाम उत्पादक कृषकहरूलाई व्यवसायिक र प्रतिष्पर्धी बनाई उनीहरूको आय आर्जन वृद्धि गरी स्वावलम्बी बनाउन वाञ्छनीय भएकोले, स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ११ को उपदफा (२) (ग) र उपदफा (७) बमोजिम नगर कार्यपालिकाले बदाम उत्पादनमा आधारित प्रोत्साहन सम्बन्धी कार्यविधि,२०८१ बनाएको छ।

### परिच्छेद -१
### प्रारम्भिक

१. **संक्षिप्त नाम प्रारम्भः**

(१) यस कार्यविधिको नाम बदाम उत्पादनमा आधारित प्रोत्साहन वितरण कार्यविधि,२०८१ रहेको छ।

(२) यो कार्यविधि तुरुन्त लागू हुनेछ।

२. **परिभाषाः** विषय वा प्रसंगले अर्को अर्थ नलागेमा यस कार्यविधिमा -

क) "प्रोत्साहन" भन्नाले नगरपालिकाद्वारा बदाम उत्पादन, प्रशोधन तथा बजारीकरणका लागि कृषक, कृषक समूह, सहकारी, उद्यमीलाई उपलब्ध गराउने नगद वा जिन्सी सहयोग सम्झनुपर्छ ।

ख) "अनुदानग्राही" भन्नाले नगरपालिकाद्वारा उपलब्ध गराईने प्रोत्साहन/अनुदान प्राप्त गर्ने कृषक, कृषक समूह, सहकारी, उद्यमीलाई सम्झनुपर्छ।

ग) "नगर प्रमुख" भन्नाले हलेसी तुवाचुङ नगरपालिकाको नगर प्रमुख सम्झनु पर्दछ।

घ) "नगर उप-प्रमुख" भन्नाले हलेसी तुवाचुङ नगरपालिकाको नगर उप-प्रमुख सम्झनु पर्दछ।

ङ) "प्रमुख प्रशासकीय अधिकृत" भन्नाले हलेसी तुवाचुङ नगरपालिकाको प्रमुख प्रशासकीय अधिकृतलाई सम्झनु पर्दछ।

च) "नगरपालिका" भन्नाले हलेसी तुवाचुङ नगरपालिकालाई सम्झनु पर्दछ।

छ) वडा भन्नाले नगरपालिका अन्तर्गतका सम्पूर्ण वडाहरु सम्झनु पर्दछ।

ज) "सहकारी" भन्नाले कृषि तथा पशुजन्य वस्तु उत्पादनमा संलग्न नगरपालिका भित्रका सहकारीहरू सम्झनु पर्दछ।

झ) "समूह" भन्नाले कृषि तथा पशुजन्य वस्तु उत्पादनमा संलग्न नगरपालिका भित्रका कृषक समूह हरूलाई सम्झनु पर्दछ।

ञ) "व्यापारी" भन्नाले नगरपालिकामा व्यावसाय दर्ता गरी पान नं. लिएका कृषि तथा पशुजन्य सामग्रीलाई व्यापार गर्न सहयोग पुर्याउने व्यवसायीलाई सम्झनु पर्दछ।
ट) "कृषि फर्म" भन्नाले कृषि तथा पशुजन्य वस्तु उत्पादनमा संलग्न नगरपालिका भित्रका कृषि तथा पशुपन्छी फर्महरूलाई सम्झनु पर्दछ।
ठ) "प्राविधिक कर्मचारी "भन्नाले नगरपालिकाको कृषि विकास र पशु सेवा शाखा अन्तर्गत वडा कार्यालयमा रही कामकाज गर्ने कर्मचारी सम्झनु पर्दछ।
ड) "शाखा" भन्नाले नगरपालिकाको कृषि विकास र पशु सेवा शाखा सम्झनु पर्दछ।

## परिच्छेद - २
## कार्यक्रम संचालन सम्बन्धी व्यवस्था

**३. प्रोत्साहन रकम उपलब्ध गराउन सक्ने कृषि बाली** : नगरपालिकाले आफ्नो स्वीकृत बजेटको परिधिभित्र रही कृषिजन्य वस्तु अन्तर्गत यस नगरपालिका भित्र उत्पादित 'बदाम'मा प्रोत्साहन उपलब्ध गराउन सक्नेछ।

**४. प्रोत्साहन/अनुदान उपलब्ध गराउने विधिः**
क) कृषक/कृषि सहकारी/कृषक समूहहरूलाई यस कार्यक्रममा सहभागि हुनको लागि नगरपालिकाले अनुसूची-१ बमोजिमको सूचना प्रकाशन गर्नेछ।
ख) कृषक/कृषि सहकारी/कृषक समूहले प्रोत्साहन/अनुदान प्राप्त गर्नको लागि यस नगरपालिकामा अनुसूची-२ बमोजिमको निवेदन पेश गर्नु पर्नेछ।
ग) कृषक/कृषि सहकारी/कृषक समूहले सूचिकृतका लागि आवेदन पेश गरे/भए पश्चात सम्बन्धित प्राविधिक कर्मचारीबाट शाखाले स्थलगत अनुगमन गराउनेछ र प्राविधिकले अनुसूची-३ बमोजिमको अनुगमन फारम सम्बन्धित वडा कार्यालयमा पेश गर्नुपर्नेछ। वाली बस्तुको उत्पादन अनुमानका लागि बाली कटानी विधि अपनाउन सकिनेछ ।
घ) सूचिकृत कृषक/कृषि सहकारी/कृषक समूहको बाली वस्तुको जुनसुकै बेला सम्बन्धित वडा/शाखाबाट अनुगमन गरी बाली वस्तुको स्थिति र क्षेत्रफल यकिन गर्न सकिनेछ ।
ङ) नगरपालिकाले कृषि सहकारी/कृषक समूह/कृषि फर्मको समय समयमा अनुगमन निरीक्षण गर्नेछ र झुट्टा विवरण पेश गर्ने समूह, सहकारीलाई दर्ता खारेजी गरी त्यस्ता कृषि सहकारी/कृषक समूह/कृषि फर्मलाई अनुदान वितरण गरिने छैन।

च) प्रोत्साहनका लागि परेका सदर आवेदन अनुरुप स्थलगत निरीक्षण पश्चात प्राप्त उत्पादन विवरणका आधारमा अनुसूची-४ बमोजिमको आवेदक छनौट सम्बन्धी सूचना प्रकाशन गरिनेछ।

छ) छनौट भएका आवेदकलाई अनुसूची-५ बमोजिमको कबुलियतनामा गराई प्रोत्साहन रकम उपलब्ध गराइनेछ।

**५. उपलब्ध गराउने प्रोत्साहन/अनुदान रकमः**

क) कृषि सहकारी/कृषक समूह/कृषि फर्महरूलाई बिक्रीको आधारमा देहाय बमोजिमको रकम उपलब्ध गराईनेछ।

| क्र.स. | बाली/वस्तु | न्युनतम उत्पदान | प्रति मुरी प्रोत्साहन अनुदान रू. |
|---|---|---|---|
| १. | बदाम | ५ मुरी | ५०० (र, ५ मुरी भन्दा माथिको प्रति मुरी रु.३००) |

ख) उल्लिखित वाली वस्तु मध्ये विनियोजित बजेटको परिधिमा रही अनुदान उपलब्ध गराउन बाधा पर्ने छैन तर विनियोजित बजेट अपुग भएमा कृषि तथा पशु विकास समितिको निर्णय बमोजिम कारबाही अघि बढाउन सकिनेछ।

## परिच्छेद - ३
## कृषि तथा पशु विकास समिति सम्बन्धी व्यवस्था

६. कृषि तथा पशु विकास समितिको व्यवस्था, काम/कर्तब्य र अधिकारः

६.१ समितिको व्यवस्था

(१) उत्पादनमा आधारित प्रोत्साहन अनुदान कार्यक्रम संचालन गर्न यस नगरपालिकामा रही आएको देहाय बमोजिमको समिति रहनेछ :-

क) संयोजक - नगर प्रमुख

ख) सदस्य - प्रमुख प्रशासकीय अधिकृत

ग) सदस्य - नगर प्रमुखले तोकेको १ महिला र १ दलित सदस्य सहितको ३ जना कार्यपालिका सदस्य

घ) सदस्य - पशुसेवा शाखा प्रमुख

ङ) सदस्य सचिव - कृषि विकास शाखा प्रमुख

(२) सम्बन्धित शाखाको उत्पादनमा आधारित अनुदान वितरणका लागि सोही शाखाको शाखा प्रमुखले सदस्य सचिवको जिम्मेवारी निर्वाह गर्नेछ। समितिले आवश्यकता अनुसार बढीमा तीन जना विज्ञ वा पदाधिकारी आमन्त्रण गर्न सक्नेछ।

६.२ समितिको काम/कर्तब्य र अधिकारः कृषि तथा पशु विकास समितिको काम, कर्तव्य र अधिकार अन्तर्गत प्रस्ताव मूल्याङ्कन गर्ने, प्रस्ताव उपर छलफल गरी औचित्यताका आधारमा अनुदानग्राही छनौट गर्ने, अनुदान रकम भुक्तानीका लागि निर्णय गर्ने, आवश्यक परे छुट्टै मुल्यांकन कार्यदल गठन गरी स्थलगत प्रमाणीकरण गराउने लगायत हुनेछ।

## परिच्छेद - ४
## विविध

७. प्रोत्साहन/अनुदान रकम निकासाः उत्पादनमा आधारित अनुदान नगरपालिकाबाट वार्षिक स्वीकृत कार्यक्रमका रुपमा उपलब्ध गराउन सकिनेछ।

८. अन्य क्षेत्रमा अनुदानः उत्पादनमा आधारित अनुदान बाहेक नगरसभाबाट स्वीकृत कार्यक्रम बमोजिमको कृषि तथा पशु क्षेत्रको अनुदान प्रदान गर्न यो कार्यविधिले बाधा पुर्याएको मानिने छैन।

९. बाधा अढ्काउ फुकाउनेः यस कार्यविधि कार्यान्वयनमा कुनै बाधा अढ्काउ परे नगर कार्यपालिकाले निर्णय गरी बाधा अड्काउ फुकाउन सक्नेछ।

१०. परिमार्जन तथा संशोधनः कार्यविधिलाई आवश्यकता अनुसार नगर कार्यपालिकाले परिमार्जन तथा संशोधन गर्न सक्नेछ ।

११. खारेजी र बचाउः यस कार्यविधिमा व्यवस्था भएका कुराहरू, प्रचलित ऐन, कानूनहरूसँग बाझिएको हदसम्म स्वतः अमान्य हुनेछ ।

अनुसूची -१ दफा ४ (क) संग सम्बन्धितः (बदाम उत्पादनमा आधारित प्रोत्साहन कार्यक्रम सम्बन्धी सूचना)

अनुसूची-१

## बदाम उत्पादनमा आधारित प्रोत्साहन कार्यक्रम सम्बन्धी सूचना!

प्रकाशित मिति-......................

यस हलेसी तुवाचुङ नगरपालिकाको आ.व.२०८१/०८२ को स्वीकृत बजेट कार्यक्रम अनुसार "बदाम उत्पादनमा आधारित प्रोत्साहन कार्यक्रम" संचालन गर्नको लागि यस नगरपालिका भित्र व्यवसायिक रुपमा बदाम खेति गर्दै आएका कृषकहरुबाट **न्युनतम ५ मुरी भन्दा बढी बदाम उत्पादन गर्ने इच्छुक कृषक**ले यो सूचना प्रकाशित भएको मितिले १५ (पन्ध्र) दिन भित्र सम्बन्धित वडा कार्यालयमा उत्पादन विवरण सहितको निवेदन तपसिल बमोजिमको कागजात सहित पेश गर्न हुन यो सूचना प्रकाशन गरिएको छ। साथै रीत नपूगी वा म्याद नाघी प्राप्त निवेदन छनौटमा समावेश नगरिने व्यहोरा समेत यहि सूचना मार्फत जानकारी गराइन्छ।

**तपसिलः**

१. तोकिएको ढाँचामा उत्पादन विवरण सहितको निवेदन,
२. नेपाली नागरिकता प्रमाणपत्रको प्रतिलिपि,
३. बदाम उत्पादन गरिएको जग्गाको धनिपुर्जाको प्रतिलिपि ,

अनुसूची - २ दफा ४ (ख) संग सम्बन्धित (सूचिकृतको सागि निवेदन)

मिति: २०८१/...../....

श्री कृषि विकास शाखा,
हलेसी तुवाचुङ नगरपालिका
दुर्छिम, खोटाङ।

**<u>विषयः बदाम उत्पादन विवरण पेश गरिएको सम्बन्धमा।</u>**

तहाँ कार्यालयको मिति .............................मा प्रकाशित सूचना अनुसारको कार्यक्रममा इच्छुक भई सो सूचनामा उल्लिखित आवश्यक कागजातहरु संलग्न राखी यो निवेदन पेश गरेको छु, उक्त बदाम उत्पादन प्रोत्साहन कार्यक्रममा छनोट भएको खण्डमा सो अनुदान रकम अन्यथा नभई बदाम खेति विस्तार प्रयोजनका लागी प्रयोग गर्ने प्रतिवद्धता समेत व्यक्त गर्दछु।

**<u>निवेदक</u>**

| | |
|---|---|
| नाम थर | |
| स्थायी ठेगाना | |
| सम्पर्क नं. | |
| बदाम खेति गरिएको जमिनको क्षेत्रफल (रोपनी) | |
| घरायसी खपत (मुरी) | |
| बिक्रि परिमाण (मुरी) | |
| कुल बदाम उत्पादन (मुरी) | |
| प्रति मुरी बिक्रि मुल्य (रु.) | |
| दस्तखत | |

**संलग्न कागजातहरुको सूची (पेश गरिएका कागजातहरु यकिन गरि कैफियतमा ठिक ✓ चिन्ह लगाउनु पर्नेछ)**

| क.स. | संलग्न कागजातहरुको विवरण | कैफियत |
|---|---|---|
| १ | आवेदक कृषकको नेपाली नागरिकताको प्रमाणपत्रको प्रतिलिपी -१ प्रति | |
| २ | बदाम खेति गरिएको जग्गाको धनीपुर्जाको प्रतिलिपि - १ प्रति | |

अनुसूची-३

दफा ४ (ग) संग सम्बन्धित स्थलगत अनुगमन/निरीक्षण फारम

आ.व. ………….. मा संचालन हुने उत्पादनमा आधारित अनुदान कार्यक्रमको स्थलगत अनुगमन फारम

| क्र. स. | आवेदक कृषकको नाम थर | ठेगाना (ह.तु.न.पा.) | ना.प्र.नं. | सम्पर्क नं. | दावी गरिएको कुल उत्पादन | स्थलगत अनुगमनमा देखिएको उत्पादन विवरण | कैफियत | दस्तखत |
|---|---|---|---|---|---|---|---|---|
| | | | | | | | | |

<u>स्थलगत मुल्यांकनकर्ताः</u>

……………… ……………… ……………… ………………

कृषि प्राविधिक वडा सचिव वडा सदस्य वडा अध्यक्ष

अनुसूची-४

दफा ४ (घ) संग सम्बन्धित आवेदक छनौट सम्बन्धी सूचना

**"बदाम उत्पादनमा आधारित प्रोत्साहन कार्यक्रम" अन्तर्गतका आवेदक छनौट सम्बन्धी सूचना!**

प्रकाशित मिति-

प्रस्तुत विषयमा यस हलेसी तुवाचुङ नगरपालिकाको आ.व.२०८१/०८२ को वार्षिक स्वीकृत कार्यक्रम अनुसार "बदाम उत्पादन प्रोत्साहन कार्यक्रम " सम्बन्धि मिति .................... गते प्रकाशित सूचना बमोजिम प्राप्त सदर आवेदन बमोजिम विभिन्न मितिमा स्थलगत निरीक्षण पश्चात प्राप्त उत्पादन परिमाण अनुसार तपसिल बमोजिमका आवेदकहरु छनौट भएको व्यहोरा यसै सूचना मार्फत जानकारी गरिन्छ।

**तपसिल:**

| क्र.स. | आवेदकको नाम थर | वडा नं. | ना.प्र.नं. | स्थलगत निरीक्षणबाट प्राप्त बदाम (मुरीमा) | न्युनतमर (२५००) सो माथि प्रति मुरी ३०० का दरले हुन आउने कुल प्रोत्साहन रकम |
|---|---|---|---|---|---|
| | | | | | |

अनुसूची-५

दफा ४ (ग) संग सम्बन्धित कबुलियतनामाको ढाँचा

**<u>कबुलियतनामा सम्बन्धमा</u>।**

यस हलेसी तुवाचुङ नगरपालिकाको आ.व.२०८१/०८२ को वार्षिक स्वीकृत कार्यक्रम **"बदाम उत्पादनमा आधारित प्रोत्साहन कार्यक्रम"** अन्तर्गत यस नगरपालिका वडा नम्बर ..... बस्ने ना.प्र.नं. ...................... भएको म (....................) ले कुल ............ मुरी बदाम उत्पादन गरेको र सो उत्पादनको आधारमा मैले प्रोत्साहन रकम रु. .......................... प्राप्त गरी आगामी आर्थिक वर्षमा बदाम उत्पादन वृद्धि गराउनको लागि,उन्नत एवं गुणस्तरीय बिउ खरिद, बदामको लागि आवश्यक मलखाद व्यवस्थापन साथै उत्पादन वृद्धिका लागि आवश्यक सामग्रीहरू खरिद गर्न कबुलियतनामा साथ प्रोत्साहन रकम नगरपालिका कृषि शाखाबाट बुझी लिई सहिछाप गरिदिएँ। साथै, यि विवरण झुट्टा ठहर भएको खण्डमा कानून बमोजिम सहुँला/बुझौंला।

**<u>रकम बुझिलिने सम्बन्धित व्यक्तिको:</u>**

हस्ताक्षर:

नाम:

सम्पर्क नं.:

औंठाछाप:

**आज्ञाले,**

कैलाश बहादुर ठकुराठी

प्रमुख प्रशासकीय अधिकृत